नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः १०, फाल्गुण ३० गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग २

# सिद्धलेक गाउँपालिकाको श्रम कार्यविधि, २०७९

**गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।११।२९**

**प्रस्तावना :**

नेपालको संविधानको धारा ३९ (४) मा कुनै पनि बालबालिकालाई कलकारखाना , खानी वा यस्तै अन्य जोखिमपुण काममा लगाउन नपाउने व्यवस्था गरेको छ । साथै संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा स्वाणीग विकासका सथै प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक प्रत्याभूत गरेको छ। प्रत्येक बाल बालिकालाई बाल अनुकुल न्याय तथा जोखिममा रहेका बालबालिकालाई राज्य बाट बिशेष संरक्षण र सुविधा पाउने गरी बालबालिकाको सबैधानिक हकको व्यवस्था समेत गरेको छ। बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा १८ बर्ष पुरा नगरेका बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन नपाउने व्यवस्था गरेको छ । श्रम ऐन, २०७४ को दफा ५ मा कसैले पनि बालबालिकालाई कानून विपरित हुने गरी काममा लगाउन नपाउने व्यवस्था गरेको छ। यसै गरी बालश्रम निवारण सम्बन्धि राष्ट्रिय गुरुयोजना ( २०७५-२०८५) ले बि.सं. २०७९ सम्ममा निकृष्ट तथा शोषणयूक्त बालश्रम तथा बि. सं. २०८२ सम्म सबै प्रकारका बालश्रमको अन्त्य गर्ने उदेश्य राखेको छ । साथै नेपालको संविधानमा नागरिकका मौलिक हक र अधिकारलाई सुनिश्चित गर्न ३१ प्रकारका मौलिक हकको व्यवस्था गरिएको छ। यस क्रममा श्रमिक वर्गको हक हितलाई सुनिश्चित गर्न संविधानको धारा ३४ मा श्रमको मौलिक हकको व्यवस्था भएको छ । संविधानमा श्रमसम्बन्धी मौलिक हकअन्तर्गत प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने, यस्तै प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने र प्रत्येक श्रमिकलाई कानून बमोजीम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ भनी मूलभूत रूपमा तीनवटा विषयमा मौलिक हकको व्यवस्था गरिएको छ।

गाउँपालिकालाई सभ्य, शिक्षित, विकासिल बनाउन, नेपालले बालअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धताको कार्यान्वयनका लागि प्रदेश एवं सिंगो राष्ट्रलाई बालश्रम मुक्त र श्रममैत्री गराउने कार्यमा स्थानीय तह एक हिस्सा भएको हुदाँ बालश्रम मुक्त गरी गाउँपालिकालाई श्रममैत्री गाउँपालिकाको रुपमा स्थापित गर्ने प्रतिबद्धता सहित स्थानिय सरकार संचालन ऐन २०७४ मा प्रदत्त अधिकार भित्र रहि यो सिद्धलेक गाउँपालिकाको श्रम कार्यविधि,२०७९ गाउँ कार्यपालिकाको मिति२०७९/११/ २९ को बैठक बाट स्विकृति गरी लागू गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१ संक्षिप्त नाम र परिभाषा**

(१) यस कार्यविधिको नाम : " सिद्धलेक गाउँपालिकाको श्रम कार्यविधि, २०७९ " रहेको छ।

(२) यो कार्यविधि तुरन्त लागू हुनेछ ।

**२. परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क. "गाउँपालिका" भन्नाले सिद्धलेक गाउँपालिका लाई सम्झनु पर्दछ ।

ख. " कार्यपालिका" भन्नाले सिद्धलेक गाउँपालिका सरकारलाई सम्झनु पर्दछ ।

ग. "अध्यक्ष" भन्नाले सिद्धलेक गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिद्धलेक गाउँपालिका को प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

सिद्धलेक गाउँपालिका

ङ. “बालश्रम” भन्नाले कानूनले तोकेको उमेर नपुगेका कुनैपनि बालबालिकालाई शारीरिक वा मानसिक रुपमा क्षति पुग्ने गरी  बाध्यात्मक  श्रममा लगाउनु तथा यौन शोषणलाई बालश्रम सम्झनु पर्दछ।

च. “बालबालिका " भन्नाले १८ बर्ष उमेर नपुगेका केटा, केटी वा तेस्रोलिंगीलाई जनाउनेछ।

छ. “बालमैत्री सम्पर्क व्यक्ति” भन्नाले सिद्धलेक गाउँपालिका ले बालबालिकाको क्षेत्रमा काम गर्न जिम्बेवारी तोकिएको कर्मचारीलाई जनाउनेछ।

ज. “संरक्षक” भन्नाले आमाबुवा, एकघरमा बसोवार गर्ने बाजेबज्यै (माईति घरमका समेत) काकाकाकी, दाजु भाउजु (माईति घरका मामामाईजु) लगायत संरक्षक गर्ने व्यक्तिलाई जनाउदछ।

झ. "श्रम" भन्नाले उद्योग तथा ब्यवसायहरुमा संलग्न ब्यक्तिहरु जो बस्तु तथा सेवा उत्पादनमा प्रयोग हुने शारिरिक वा मानसिक उर्जा भन्ने सम्झनु पर्दछ।

ञ. "रोजगार" भन्नाले कुनै पनि औपचारिक तथा अनौपचारिक उत्पादनका क्षेत्रमा पारिश्रमिक लिई संलग्नता जनाउने अवस्थालाई रोजगार सम्झनु पर्दछ।

ट. “उद्योग” वा “व्यवसाय” वा “प्रतिष्ठान" भन्नाले प्रचलीत ऐन कानून भित्र स्थापित भएका विभिन्न प्रकारका उद्योग तथा व्यवसायहरु एव श्रमिकहरुको संलग्नता रहने व्यवसायहरुलाई समेत सम्झनु पर्दछ।

ठ. “प्रचलीत ऐन कानून" भन्नाले श्रम सम्बद्ध नेपाल सरकारले जारी गरेका ऐन,कानून तथा ब्यवस्था र अन्तराष्टिय स्तरमा हस्ताक्षर गरेका विभिन्न प्रोटोकलका व्यबस्थाहरु समेत सम्झनु पर्दछ।

ड. "सामाजिक सुरक्षा" भन्नाले नेपालको सामाजिक सुरक्षा ऐन, श्रम ऐन तथा प्रचलीत मान्यता अनुरुप श्रमिकहरुको सामाजिक सुरक्षार्थ गरिएका व्यबस्थाहरुलाई सम्झनु पर्दछ।

ढ. "श्रम मैत्रि उद्योग" भन्नाले यस नीति तथा यस सम्बद्ध ऐन कानून एवं प्रचलित मान्यता अनुरुप तोकिएका मापदण्ड सुनिश्चित भई यसै नियममा व्यबस्था गरिएको आचारसंहिता पुर्णरुपमा परिपालना भएको सुनिश्चत भई संचालनमा आएका उद्योग तथा व्यवसायहरुलाई समेत सम्झनु पर्दछ ।

**परिच्छेद २**

**उदेश्य र लक्षित समुह**

**३. उदेश्य :**

सिद्धलेक गाउँपालिका लाई श्रममैत्री बनाउन र  बालश्रम मुक्त घोषणा गर्न यस कार्यविधिले मार्ग प्रशस्त गर्नमा सहयोग पुर्याउनेछ ।

**४. लक्षित समुह :**

बालश्रम (निषेध तथा नियमन गर्ने) ऐन, २०५६ तथा बालश्रम निवारण सम्बन्धि राष्ट्रिय गुरुयोजना (२०७५ - २०८५) अनुसार देहाय बमोजिमको क्षेत्रमा संलग्न बालबासलकालाई यस कार्यविधिले लक्षित गरेको छ।

क. घरेलु बालश्रम,

ख. बालभरिया.

ग. कृषी तथा पशुपालन बालश्रम,

घ. लागु पदार्थ संकलन, बेचविखन तथा ओसारपसारमा संलग्न बालश्रम,

ङ. बुनाई बालश्रम,

च. ईट्टा उधोगको बालश्रम,

छ. खानी क्षेत्रका बालश्रम,

ज. मनोरञ्जन क्षेत्रका बालश्रम ( यौन शोषण समेत),

सिद्धलेक गाउँपालिका

झ. यातायात क्षेत्रका बालश्रम,

ञ. जारी तथा बुट्टा भराइमा संलग्न बालश्रम,

ट. छिमेकी देशमा पुर्याइएका बालश्रम,

ठ. यान्त्रिक वा रसायन क्षेत्रमा काम गर्ने बालश्रम,

ड. सडक व्यपारमा संलग्न बालश्रम,

ढ. जडिबुटि संकलनमा संलग्न बालश्रम,

ण. भौतिक पुर्वाधार क्षेत्रको बालश्रम,

त. होटेल रेष्टुराका बालश्रम,

थ. गाउँपालिका तथा स्थानिय बालअधिकार समितिले तोकेको श्रम

## परिच्छेद ३

## बालश्रम मुक्त घोषणाका सूचकहरु

**५. सूचकहरु :**

बाल घोषणाका लागि देहाय बमोजिमका सूचकहरु न्यूनतम मापदण्डको रुपमा रहनेछ।

१. <u>अध्यावधिक तथ्याँक र अभिलेखिकरण:</u>

क. सिद्धलेक गाउँपालिकामा जन्मिएका बालबालिकाको जन्मदर्ता विवरण।

ख. बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ को अनुसुचि १ बमोजिम सर्वेक्षण गरेको हुनु पर्ने।

ग. गाउँपालिकामा रहेका बालश्रमसंग सम्बन्धित विभिन्न सरोकारवालाहरु ( स्थानिय प्रहरी प्रशासन, बिद्यालय, बालविज्ञ, बालश्रम बिरुद्ध काम गर्ने गैरसरकारी संस्था, समुह/क्लव/संजाल को सूचिकरण एंव नक्सांकन गरेको।

घ. बालश्रम हुन सक्ने सम्भावित क्षेत्रहरु वाट बालश्रम प्रयोग नगर्ने प्रतिवद्धता पत्र,

२. <u>सिद्धलेक गाउँपालिका मा बालश्रम निवारणकालागि छुट्टै नीति वा अन्य कुनै नीतिमा बालश्रम निवारणको विषय समावेश भएको हुनु पर्नेछ।</u>

सिद्धलेक गाउँपालिका

३. <u>सिद्धलेक गाउँपालिका ले बालश्रम निवारण सम्बन्धि देहय वमोजिमको कार्यक्रम अनिवार्य सञ्चालन गरेको हुनु पर्नेछ।</u>

क. बालश्रम निवारण सम्बन्धी चेतनामुलक र मनोपरामर्श सम्बन्धि कार्यक्रमहरु,

ख. बालश्रमिक सम्बद्ध परिवारका लागि बैकल्पिक आय आर्जनका कार्यक्रम,

ग. पढाई नियमित नभएका (१५ देखि १८ बर्ष सम्मका) बालबालिकाका लागि सिपमुलक कार्यक्रम,

घ. बालश्रम बिरुद्ध सक्रिय संघ संस्था तथा व्यवसायीलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रम.

ङ. सामाजिक सुरक्षा सम्बन्धि कार्यक्रम,

च. बालश्रम सम्बन्धमा निरन्तर अनुगमन तथा बालश्रम रहेका वा बालश्रम गर्न सक्ने जोखिममा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना तथा सम्बन्धि कार्यक्रम,

छ. बालश्रमिकको शैक्षिक विकास कार्यक्रम.

४. <u>बालश्रम निवारण सम्बन्धि उपदफा (३) बमोजिमको कार्यक्रम संचालन गर्न गाउँपालिकाले आवश्यक बजेटको व्यवस्था गर्नेछ।</u>

५. <u>संस्थागत व्यवस्था :</u>

क. बालबालिकाको क्षेत्र हेर्ने स्थानीय बालअधिकार समिति, नगर बाल सञ्जाल र कर्मचारीको रुपमा बालअधिकार अधिकृत एंव बालमैत्री सम्पर्क व्यक्ति तथा बाल हेल्पडेक्सको स्थापना गरि १ जना कर्मचारीको व्यवस्था भएको।

ख. वडा स्तरिय बाल अधिकार समिति, बाल समुह / सञ्जाल गठन भई क्रियाशिल भएको र १ जना सहजकर्ता सम्पर्क व्यक्तिको व्यवस्था भएको,

ग. बालमैत्री स्थानिय शासन समिति (नगर तथा वडामा) गठन भएको।

घ. बालकोषको स्थापना र संचालन भएको,

ङ. बालश्रम अनुगमन तथा कार्वाहीकोलागि संयन्त्र भएको,

सिद्धलेक गाउँपालिका

च. उद्धार गरिएका बालबालिकहरु गर्ने व्यवस्था भएको ।

६. शिक्षाको अवस्था :

क. बिद्यालय जाने उमेरका बालबालिकाको बिद्यालय भर्ना दर कम्तीमा ९५ प्रतिशत भएको ।

ख. विद्यालय छाडने दर घटदो हुनुपर्ने ।

ग. बिद्यालयमा बालबालिकाको नियमित शिक्षाका लागि विद्यालय तथा समुदाय स्तरमा अभिभावक शिक्षा (Parenting Education) कार्यक्रम संचालन भएको ।

७. सहयोग, समन्वय तथा सहकार्यको व्यवस्था:

क. सिद्धलेक गाउँपालिकाको सरोकारवाला निकाय, बिद्यालय, रोजगारदाता, ठेकेदार, श्रमिक संगठन, नागरिक समाज, गैर सरकारी संघसंस्था समन्वय गरी बालश्रम निवारणका लागि समन्वय तथा सहकार्य भएको ।

ख. सिद्धलेक गाउँपालिकाले बालश्रम निवारणकालागि प्रदेश र संघको सम्बन्धित मन्त्रालयहरुमा सुचना आदान प्रदान, कार्यक्रम संचालन, आवश्यक श्रोत सम्बन्धमा सहकार्य गरेको ।

ग. स्थानिय बालअधिकार समितिको बालश्रम निवारण सम्बन्धी ठोस योजना तथा कार्यान्वयन गर्न सहकार्य भएको ।

सिद्धलेक गाउँपालिका

## परिच्छेद ४

## बालश्रमको सर्वेक्षण

१. अनुसुचि १ वमोजिमको फारम गाउँपालिका आफैले वा साझेदारी निकायको सहायतामा गर्न सकिने छ ।

२. गाउँपालिकाले सर्वेक्षण तथा अन्य आवश्यक बिषयमा प्रदेश एवं संघिय सरकारसंग समन्वय गर्ने ।

८. प्रस्ताव :

बालश्रम मुक्त गाउँपालिका घोषणा कार्यक्रम संचालनकोलागि सर्वेक्षण अनुसारको विवरण अनुसुचि २ वमोजिम सम्बन्धित मन्त्रालयमा प्रस्ताव गरेको र मन्त्रालय वाट मुल्यांकन  भई सो प्रस्ताव स्वीकृत भएको हुनु पर्नेछ।

९. प्रस्ताव मूल्यांकनको आधार :

मन्त्रालयले बालश्रम मुक्त स्थानिय तह घोषणा कार्यविधि, २०७७ को दफा ८ बमोजिम प्रस्ताव मुल्याँकन अनुसुचि २ मा उल्लेखित क्रियाकलापको समेटेर देहायको आधार अनुसार प्रस्ताव गर्ने।

क. गाउँपालिका बाट बालश्रम न्यूनिकणमा छुट्याइएको बजेट|

ख. बालश्रम  न्यूनिकरणमा गाउँपालिकाले गरेको कामको विवरण।

ग. बालश्रम न्यूनिकरणका लागि कोषको ब्यबस्था ।

**परिच्छेद ५**

**श्रम सम्बद्ध मुल्य मान्यताहरु**

सिद्धलेक  गाउँपालिकाका श्रम तथा श्रम सम्बद्ध मुल्य मान्यताहरु निम्न अनुसार रहेका छन :

क. आधारभुत सुरक्षा मापदण्ड :

गाउँपालिका  भित्र संचालन गरिने उद्योग तथा ब्यवसाय तथा अनौपचारिक क्षेत्रमा नियमित,मौसमी तथा दैनिक ज्यालादारमि संलग्न गराउने रोजगारदाताहरुले यो कार्यबिधि सहित श्रम सम्बन्धि प्रचलीत कानून, नीति, निर्देशन एव जारी भएका आचारसंहिता अनुरुप अपनाउनु पर्ने सुरक्षा मापदण्ड अपनाउने प्रतिबद्धता गर्नेछन् र संचालित व्यवसाय तथा उद्योगहरुले सो व्यवस्था अपनाएका हुनेछन्।

ख. श्रमिकहरुको योगदानमा आधारित सामाजिक सुरक्षा :

सिद्धलेक गाउँपालिका

गाउँपालिका  भित्र संचालित कुनैपनि व्यवसाय तथा उद्योगहरु तथा अनौपचारिक क्षेत्रमा नियमित,मौसमी तथा दैनिक ज्यालादारमि संलग्न गराउने रोजगारदाताहरुले नेपाल सरकारले (नेपाल सरकार भन्नाले संघिय सरकार, प्रदेश सरकार, स्थानिय तह तथा यिनिहरुको मातहतमा रहेका निकायहरु भन्ने बुझिन्छ। अख्तियार गरेको सामाजिक सुरक्षा व्यवस्थाका प्रावधानहरु अभ्यास गरेका हुनेछन्।

ग. बालश्रम मुक्त :

गाउँपालिका  भित्र संचालित उद्योग तथा व्यवसायहरु तथा अनौपचारिक क्षेत्रमा नियमित,मौसमी तथा दैनिक ज्यालादारीमा  संलग्न गराउने रोजगारदाताहरुले बालबालिका सम्बन्धि अन्तराष्टिय सन्धी, बालबालिका ऐन २०७५, बालश्रम उन्मुलन सम्बन्धी राष्ट्रिय कार्ययोजना २०७५ का व्यवस्थाहरु, अन्तराष्टिय श्रम संगठनका प्रावधानहरु तथा बालअधिकार सम्बन्धि प्रचलीत मुल्यमान्यताहरुलाई पुर्णरुपमा पालना गरेका हुनेछन्।

घ. महिला कामदारको सुरक्षा र सम्मान :

श्रमिकको परिबारमा आश्रित भएर आउने वा स्वतन्त्ररुपमा आउने महिला कामदारहरुको लैगिक संवेदनशीताका आधारमा स्वास्थ्य, सुरक्षा तथा मर्यादित श्रम अभ्यासलाई ध्यान दिईएको हुनेछ।

ङ. कार्यस्थलको सुरक्षित वातावरण

कार्यस्थलमा धुवा, धुलो, ध्वनी तथा रसायन चुहावटहरुको व्यवस्थापन, हरियाली बातावरण, बिश्राम स्थल व्यवस्थापन जस्ता भौतिक वातावरण एव शान्ती, सौहार्दता, परस्पर सम्मान, मर्यादित भाषाको प्रयोग तथा संचार जस्ता शैलीहरुको व्यवस्थापन र प्रयोग गरेका हुनेछन्।

च. नियुक्ति र उचित पारिश्रमिक

कामदारहरुलाई लिखित रुपमा नेपाल सरकारको प्रचलित मापदण्डको आधारमा औपचारिक नियुक्ति र उचित पारिश्रमिक तथा सेवा सुविधाहरु सुनिश्चित गरिएको हुनेछ । साथै बाहिरी देशबाट आउने श्रमिकहरुको लागि गरिएका नीतिगत व्यवस्थाहरु परिपालना गरिएको हुनेछ।

छ. आश्रित परिवारको रेखदेख :

कामदार संग रहेका वा आएका आश्रित परिबार (बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग, अशक्त एवं रोगी) को आधारभूत अधिकारको समेत ख्याल गरिएको एवं सकेसम्म मानविय मूल्यहरुको आधारमा सेवा तथा व्यवहारहरु गरिएको हुनेछ।

ज. स्वास्थ्य तथा सरसफाई

कामदारहरुको नियमित स्वास्थ्य जाँचको व्यवस्था, आधारभुत स्वास्थ्य सेवामा सहज पँहुचको व्यवस्था साथै कार्यस्थलमै प्राथमिक स्वास्थ उपचारको व्यवस्था गरिएको हुनेछ । साथै कामदारहरुको आवास, भान्सा, व्यक्तिगत सरसफाई, कार्यस्थलको सरसफाईमा समेत उचित ध्यान दिईएको हुने छ र कार्यस्थलमा प्रयाप्त खानेपानी तथा शौचालयको व्यवस्था भएको हुनेछ ।

झ. बाल संरक्षण तथा शिक्षा सुनिश्चितता :

कार्यस्थलमा तोकिएको संख्यामा रहेका कामदार र बालबालिका रहेमा आश्यकता अनुसार कार्यस्थल परिसरमा प्रारम्भिक बाल बिकास तथा स्याहार केन्द्र संचालन गरिएको हुने छ । आधारभुत तह सम्मको अनिवार्य तथा निशुल्क शिक्षाको व्यवस्थालाई ख्याल गर्दै बिद्यालय उमेरका बालबालिकाहरुको लागि नजिकका बिद्यालयहरुमा भर्ना एव निरन्तर शिक्षाको लागि व्यवस्था मिलाएको हुनेछ ।

ञ. वातावरणीय प्रभाव र व्यवस्थापन :

उद्योग तथा व्यवसायहरुले प्रचलीत व्यवस्थाअनुसार प्रारम्भिक वातावरणीय लेखा जोखा वा विस्तृत वातावरणीय लेखाजोखा गरेका र वातावरण संरक्षण सम्बन्धि आवश्यक विधिहरु अवलम्बन गरेका हुने छन् । साथै सम्भावित प्रतिकूल वातावरणीय प्रभावलाई कम गर्ने स्पष्ट कार्ययोजना बनाई कार्यन्वयन गरेका हुनेछन् ।

## परिच्छेद ६

## जिम्मेवारी बहन

१. <u>रोजगारदाताको जिम्मेवारी तथा कर्तव्य :</u>

सामान्यतया रोजगारदाताले आफ्नो उद्योग, व्यवसाय एवं कार्यस्थलमा काम गर्ने कामदार वा श्रमिकहरुलाई आधिकारिक नियुक्तिपत्र दिने, नियुक्तिपत्रमा कार्यघण्टा, अतिरिक्त सुबिधा, बिदा, पारिश्रमिक, भुक्तानी व्यवस्था जस्ता आधारभुत व्यवस्थाहरु उल्लेख गर्ने र सबै काम कार्वाहीहरुको लिखित अभिलेख गरी नियमित प्रमाणित गरेर राख्नु पर्ने । साथै प्रचलित ऐन कानून तथा यस कार्यविधिमा व्यवस्था गरिएका प्रावधानहरु कार्यन्वयन गर्नु रोजगारदाताको जिम्मेवारी हुनेछ। सामाजिक, सांस्कृतिक मान्यता एव मानविय मुल्यका आधारमा सम्मान, सद्भाव एव सहयोग गर्नु कर्तव्य हुनेछ । व्यवसायि एवं रोजगारदाताले कानून अनुसारको सामाजिक उत्तरदायित्व निर्वाहका लागि समेत जिम्मेवार हुनेछन्।

२. <u>श्रमिकको दायित्व तथा कर्तव्य:</u>

नियुक्ति अनुसार तोकिएको जिम्मेवारी पुरा गर्ने एंव रोजगारदाताको आवश्यकता एवं व्यवसायिक उद्देश्य पुरा हुनेगरी तोकिएको काम गर्नु श्रमिक वा कामदारको जिम्मेवारी एवं कर्तव्य हुनेछ।

३. <u>गाउँपालिकाको दायित्व तथा कर्तव्य :</u>

गाउँपालिका भित्र संचालित उद्योग व्यवसायहरुको दर्ता, नविकरण गर्ने, श्रम क्षेत्रमा संलग्न कामदारहरुको अभिलेखीकरण र नियमित रुपमा अध्यावधि गर्ने, मौसमी कामदार तथा युवा कामदारको अभिलेख माग्ने र अनुगमन गर्ने, उद्योग व्यवसाय दर्ता पूर्व लेखाजोखा गर्ने, नियमिति अनुगमन गर्ने र कामको आधारमा प्रोत्साहान तथा आवश्यक कारवाही समेत गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ । साथै गाउँपालिका भित्र जोखिममा परेका श्रमिकहरुको लागि उद्दार, राहात तथा मानविय सहयोग समेत प्रबन्ध गर्नु गाउँपालिकाको कर्तब्य हुनेछ।

## परिच्छेद ७

## श्रोतको व्यवस्थापन

१०. बालश्रम मुक्त कार्यक्रम संचालन एवं श्रमिक बालबालिकालाई निरन्तर शिक्षा तथा संरक्षण र श्रम मैत्री स्थानीय तह निर्माणका लागि बार्षिक रुपमा आवश्यक रकम विनियोजन गरिनेछ र सोही रकम र प्राप्त अन्य रकम एवं गैर सरकारी संघ संस्था समेतको सहकार्यमा कानूनको परिधि भित्र रही आवश्यक योजना अनुरूप बालश्रम न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रममा खर्च गर्न सकिनेछ।

## परिच्छेद ८

## अनुगमन तथा मुल्याँकन

११. <u>गाउँपालिकामा तपसिल वमोजिमको ११ सदस्यिय बालश्रम लगायतका श्रम समस्या न्यूनिकरण सम्बन्धी समन्वय तथा अनुगमन समिति गठन गरिनेछ।</u>

| | |
|---|---|
| क. उपाध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य | अध्यक्ष |
| ख. प्रमुख -उपप्रमुखले तोकेको कार्यपालिका सदस्य -महिला | सदस्य |
| ग. शिक्षा शाखा प्रमुख | सदस्य |
| घ. स्वास्थ्य शाखा प्रमुख – | सदस्य |
| ङ. स्थानीय स्वास्थ्य संस्था प्रमुख वा चिकित्सक – | सदस्य |
| च. नगर भित्रको प्रहरी कार्यालय प्रमुख – | सदस्य |
| छ. नगरभित्रका माध्यमिक विद्यालयको प्रधानाध्यापक वा शिक्षक १ जना | सदस्य |
| ज. बाल अधिकारको क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट प्रमुख-उपप्रमुखले मनोनयन गरेको दुईजना | सदस्य |
| झ. महिला विकास सहकारी संस्थाको प्रतिनिधि १ जना | सदस्य |
| ञ. बालअधिकारको क्षेत्रमा क्रियाशील गै.स.स. प्रतिनिधि १ जना | सदस्य |
| ट. बाल मनोविज्ञ वा बाल न्यायका क्षेत्रमा काम गर्ने अधिवक्ता | सदस्य |

ठ. नगरस्तरीय बाल संजालको अध्यक्ष सहित २ जना (बालक र बालिका) सदस्य

ड. बाल कल्याण अधिकारी-बालबालिका सम्बन्धी हेर्ने अधिकृतस्तरको कर्मचारी सदस्य सचिव

साथै गाउँपालिकाको ७ वडामा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ मा व्यवस्था भएको देहाय बमोजिमको वडा बाल संरक्षण समितिको गठन गरिने छ।

क. वडा अध्यक्ष संयोजक

ख. संरक्षक शिक्षकहरुमध्येबाट १ जना सदस्य

ग. महिला स्वास्थ्य कार्यकर्ताहरु मध्येबाट १ जना सदस्य

घ. सम्बधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरु मध्येबाट १ जना सदस्य

ङ. विद्यालय व्यवस्थापन समितिबाट १ जना सदस्य

च. वडा बालक्लव संजालबाट कम्तिमा १ बालिका सहित २ जना सदस्य

छ. आदिवासी, जनजाती, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्ग समुदायको यथासम्भव प्रतिनिधित्व हुने गरि कम्तिमा १ महिलासहित ३ जना सदस्य

ज. बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति सदस्य सचिब

१२. <u>समितिको काम, कर्तव्य र अधिकार :</u>

क. बालश्रम तथा श्रम शोषण न्यूनीकरण सम्बन्धि योजना निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्ने।

ख. तथ्याँक संकलन तथा व्यवस्थापन गर्ने।

ग. बालश्रमको र स्थानीय तहको श्रम प्रतिष्ठानहरुको अनुगमन गर्ने।

घ. सरोकारवालाहरुको संमन्वयमा बालश्रम र श्रम जोखिम न्यूनिकरण सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने र गर्न लगाउने।

ङ. श्रमिक बालबालिकालाई संरक्षणका लागि अभिभावकलाई रोजगार संग जोडने व्यवस्था मिलाउने।

च. श्रमिक बालबालिकालाई शिक्षा संग जोडने।

छ. कार्यक्रमलाई प्रदेश तथा संघिय सरकार एवं सरोकारवाला संघ संस्थाहरुसंग समन्वय गर्ने।

ज. बालश्रम मुक्त वडा नगर घोषणा गर्न आवश्यक कार्यहरु गर्ने।

झ. श्रम मैत्री स्थानीय तह निरन्तर टिकाई राख्न नगर कार्यपालिका संग समन्वय सहकार्य एंव आवश्यक बजेटकालागि आबश्यक पहल गर्ने।

ञ. वडा स्तरिय बालबालिका र श्रमसंग सम्बन्धित संरचनालाई क्रियाशिल बनाई राख्न निर्देशन दिने।

**परिच्छेद ९**

**बालश्रम मुक्त स्थानीय तह घोषणा प्रकृया**

१३. स्थानिय तहको वडा समितिले परिच्छेद ३ बमोजिमको सुचकहरु पुरा गरी वडा स्तरिय बाल अधिकार समिति एवं वडा बाल सञ्जालले बालश्रम मुक्त वडा घोषणाको निर्णय सहित सिफारिस गर्न पर्नेछ।

१४. निर्णय र सिफारिस सहितको निवेदन वडा वाट प्राप्त भए पश्चात स्थानिय बालश्रम न्यूनिकरण समन्वय तथा अनुगमन समितिले अनुगमन गर्नेछ।

१५. अनुगमन समितिले अनुगमन गरी नगर प्रमुख समक्ष अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ।

१६. स्थानिय अनुगमन समितिको प्रतिवेदनको आधारमा कार्यपालिका बैठक बाट बालश्रम मुक्त वडा घोषणा गर्न स्वकृती दिनेछ।

१७. सोहि प्रकृया बाट नगरको सबै वडा बालश्रममुक्त घोषणा भई सके पछि परिच्छेद ३ मा उल्लेखित सूचकको आधारमा कार्यपालिकाको प्रस्तावमा गाउँसभाले बालश्रममुक्त स्थानिय तह घोषणा गर्नेछ ।

१८. बालश्रममुक्त गाउँपालिकालाई निरन्तर टिकाई राख्न र निरन्तर कार्यान्वयनका लागि घोषणा पश्चातको रणनीतिक योजना र बालकोषमा रकम थप गर्दै निरन्तर कार्यान्वयन गर्नु पर्नेछ।

## परिच्छेद १०

## विविध

१९. कार्यविधि संसोधन सम्बन्धी व्यवस्था : कार्यविधि परिमार्जका लागि आवश्यक परेमा गाउँ कार्यपालिका एवं गाउँसभाले संसोधन गरी थपघट गर्न सकिनेछ ।

सिद्धलेक गाउँपालिका

## अनुसूची : १

### बालश्रम मुक्त स्थानीय तह घोषणाका निमित्त रणनीति :

१. १० देखि १८ वर्षको बालबालिका संख्याको अद्यावधिक तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने ।

२. १४ वर्षभन्दा कम उमेरमा बालश्रममा रहेका बालबालिकाको संख्याको अद्यावधिक तथ्याङ्क राख्ने।

३. बालश्रमिक पुनर्स्थापनाको योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

४. बालश्रम, बालकार्य र जोखिमपूर्ण तथा निकृष्ठ श्रमको बारेमा अभिभावक तथा व्यवसायीहरू (संचालकहरू) लाई सचेत गराउने ।

### कार्यनीति :

१. निकृष्ट बालश्रमिकको गणना गर्ने ।

२. निकृष्ट बालश्रममा रहेका बालबालिकाको अभिभावकसँग अन्तरक्रिया गर्ने ।

३. बालश्रम सम्बन्धी बाल समूह / सञ्जाल, आमा समूह, महिला समूह, युवा समुहसँग अन्तरक्रिया गर्ने ।

४. बालश्रम निषेधित क्षेत्र हो भनी सार्वजनिक स्थानहरूमा सूचना बोर्ड टाँस गर्ने ।

५. होटल, कारखानामा बालश्रममा लगाएको छैन भनी प्रतिवद्धता सहित सूचना पाटी राख्ने ।

६. असहाय अनाथ बालश्रमिक पुनर्स्थापना कार्ययोजना तयार गरी लागू गर्ने ।

७. बालश्रम हुने सम्भावित स्थानहरूको नियमित अनुगमन गर्ने ।

८. बालश्रम, बाल कार्य र जोखिमपूर्ण कार्यको बारेमा अभिभावक सचेतीकरण कार्यक्रम गर्ने ।

९. बालश्रम न्यूनीकरणको लागि व्यवसायीहरू (संचालकहरू) का लागि सचेतीकरण कार्यक्रम सञ्चालन गर्ने।